# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा
कोशी प्रदेश,नेपाल

पत्र संख्या: २०८० /०८१ (प्रशासन)
चलानी नं.: ६९८

मिति:- २०८०/०७/२१ गते

**विषय :-योजना संचालन तथा उपभोक्ता समिति गठन सम्बन्धमा।**

**श्री वडा कार्यालयहरु सबै**

**कचनकवल गाउँपालिका ,बनियानी ,झापा।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँसभावाट आ.व.२०८०/८१का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये तहाँ वडाका लागि छनौट भएका वडास्तरिय योजना तथा कार्यक्रमहरुको प्रचलित कानुन बमोजिम उपभोक्ता समिति वा ठेक्का विधि वा अन्य विधि, कुन विधिबाट कार्य संचालन गर्ने हो ? वडा समितिबाट निर्णय गरी योजना तथा कार्यक्रम सञ्चालन गर्नहुन अनुरोध छ।

उपभोक्ता समिति गठन गरी सञ्चालन गर्नुपर्ने योजनाहरुको हकमा उपभोक्ता समिति गठनको समय तालिका सार्वजनिक रुपमा प्रकाशन गरी सो को जानकारी गाउँपालिकामा समेत पठाउनु हुन र प्रचलित कानुन बमोजिम पारदर्शी ढंगले आमभेला आह्वान गरी मिति२०८०/८/१५ गते भित्र कचनकवल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम उपभोक्ता समितिहरु गठन गरी यस गाउँपालिकाको योजना / प्राविधिक शाखामा सम्पर्क राख्न पठाउनु हुन अनुरोध छ।

(नोट :-कचनकवल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ यस गा.पा.को वेबसाइटबाट प्राप्त गर्न सकिन्छ।)

**सादर अवगतार्थ:**

श्री अध्यक्ष ज्यू - आवश्यक समन्वय र सहजीकरणका लागि।
श्री उपाध्यक्ष ज्यू- आवश्यक समन्वय र सहजीकरणका लागि।

**बोधार्थ:**

श्री योजना/ प्राविधिक शाखा - कार्यसंचालन गराउनका लागि आवश्यक सहजीकरण गर्नुहुन।
श्री सूचना प्रविधि शाखा - फेसबुक तथा वेबसाइटमा अपलोड गर्न हुन।

..............................
**सुभाष चन्द्र सुमन**
**प्रमुख प्रशासकीय अधिकृत**
सुभाष चन्द्र सुमन
प्रमुख प्रशासकीय अधिकृत